**बैठक संख्याः २०९** **२०७७/०४/२८ गते** **बिहान ११:३० बजे**

**निर्णय**

स्ट्रिप नक्सा सम्बन्धी समितिमा प्राप्त उजुरी एवम् कोभिड-१९ का सन्दर्भमा विदेश तथा सीमा नाकाबाट आवतजावत गर्ने नागरिकहरुको अभिलेखिकरण र व्यवस्थापन लगायतका विषयमा छलफल गर्न राज्य व्यवस्था तथा सुशासन समितिको २०९औं बैठक समितिका सभापति मा. श्री शशी श्रेष्ठज्यूको सभापतित्वमा बस्यो । बैठकमा गृह मन्त्रीज्यू, भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीज्यू एवम् नेपाल सरकारका कर्मचारीहरुको सहभागिता रहेको थियो । आजको बैठकमा नेपाल सरकारलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय भयोः-

"१. हराएका सीमास्तम्भहरु आधुनिक प्रविधिद्धारा पत्ता लगाई तत्काल पूनस्थापना गर्ने, सीमास्तम्भको दुरी कम गर्ने र भत्केका सीमास्तम्भको मर्मत सम्भार गर्ने, सीमा नियमनका साथै सीमा विवादको स्थायी समाधान गर्ने लगायत सीमा व्यवस्थापनसँग सम्बन्धित समितिले नेपाल सरकारलाई यस अघि दिएका सुझाव एवं निर्देशनहरुको प्रभावकारी कार्यान्वयन भएको र कार्यान्वयन हुन नसकेको कारण सहितको जानकारी समितिमा उपलब्ध गराउने ।

२. कोभिड-१९ को संक्रमणलाई मध्यनजर गरी सीमावर्ती क्षेत्रमा तोकेका नाकाहरुबाट मात्र नागरिकहरुको आवतजावतको व्यवस्थालाई थप कडाईका साथ चेकजाँच गरी कार्यान्वयन गर्ने र उक्त सीमा नाकाहरुबाट आवतजावत गर्ने नागरिकहरुको पहिचान खुल्ने परिचयपत्रका आधारमा अनिवार्य रुपमा नाम दर्ता गरी अभिलेख राख्ने ।

३. मुलुकका घनावस्ती रहेका सहरहरुमा कोभिड-१९ को संक्रमण व्यापक रुपमा फैलिरहेको सन्दर्भमा उपत्यका लगायत अन्तर जिल्ला प्रवेश गर्ने नाकाहरुमा अनिवार्य सुरक्षा चेकजाँच तथा स्वास्थ्य परिक्षण गराएर मात्र जिल्ला प्रवेशको व्यवस्था मिलाउने ।

४. नेपाल भारत संयुक्त सीमा सर्भे टोली अन्तर्गत नेपाली टोलीहरुले कञ्चनपुर लगायत देशका विभिन्न सीमावर्ती जिल्लामा तयार पारेको स्ट्रिप नक्शाका साथै सीमा सम्बन्धी सम्पूर्ण विवादित विषयहरुका सम्बन्धमा के कसो भएको हो सबै पक्षहरु समेटी सत्य तथ्यका आधारमा सात दिनभित्र समितिमा लिखित जानकारी गराउने ।

५. सीमा क्षेत्रमा नापी भएका जग्गाहरुको हालसम्म पनि लालपूर्जा प्राप्त नभएको भनि जनगुनासो आएकोले नाप नक्सा भएका तर हालसम्म लालपूर्जा प्राप्त गर्न नसकेका जग्गाधनीहरुलाई तत्काल लालपूर्जा वितरणको व्यवस्था मिलाउने ।"